Date |
Page |

सुमित्रा जोशी — आर्थिक प्रशासन शाखा
सावित्रा देवी थापा — अ.लेखा पाँचौं तह
प्रेम बहादुर थापा — इ. पाँचौं
प्रकाश विश्वकर्मा — अ.अधिकृत छैठौं
हरि के.सुवेदी — ''
विष्णु प्रसाद भट्ट
भक्त बहादुर पौडेल — का.स
चिरञ्जीवी चौधरी — ''

**निर्णय नं. १ :**

२०७८ साल चैत्र २५ गतेदेखि निर्वाचनको आचार संहित लागु भैसकेको हुँदा उपमहानगरपालिकाबाट संचालन भैरहेका विभिन्न आयोजन र कार्यक्रमहरुको नयाँ सम्झौता तथा कार्यान्वयनमा रहेका योजनाहरुको लागि खोलाहरुबाट गिट्टी, छरी उठाउने जस्ता कामहरु बैशाख ३० गतेसम्म रोक्ने ।

**निर्णय नं. २ :**

जनप्रतिनिधीहरुसँग भएका जिन्सी सामानहरु सम्बन्धित वडा कार्यालय वा उपमहानगरपालिका कार्यालयमा बैशाख ११ गतेभित्र बुझाउन पत्राचार गर्ने निर्णय गरियो । साथै कर्मचारीहरुलाई भने कार्यालयको कामको आवश्यकता हेरि उपलब्ध गराउने ।

**निर्णय नं. ३ :**

उपमहानगरपालिका भित्र रहेका जेसिवी लगायतका विकास निर्माण कार्यमा प्रयोग हुने सवारी साधनहरु अन्य निकायलाई भाडामा दिने वा विपद्जन्य कार्यमा प्रयोग गर्न बाहेक विकास निर्माण सम्वन्धी अन्य काममा प्रयोग नगर्ने ।

**निर्णय नं. ४ :**

कार्यालयमा रहेका सवारीसाधनहरु चालु अवस्थामा राख्ने ।

**निर्णय नं. ५ :**

बेमौसमी वर्षाका कारण धान बालीमा क्षति पुगेका किसानलाई राहत उपलब्ध गराउने मापदण्ड २०७८ बमोजिम किसानले प्राप्त गर्नुपर्ने राहत रकम कृषि विकास शाखा मार्फत राहत निर्धाण समितिमा पेश गरेको विवरण बमोजिमको किसानहरुको वडाले कुनै एउटा बैंकमा मात्र खाता खोली खातावालाको नाम लिष्ट उपमहानगरपालिका कृषि विकास शाखामा उपलब्ध गराउने पत्राचार गर्ने ।

**निर्णय नं. ६ :**

उपमहानगरपालिका कार्यालय तथा अर्न्तगत कार्यरत सम्पूर्ण कर्मचारीहरु अति आवश्यक बाहेक अन्य बिदामा नबस्ने ।